माता-पिता र वरिष्ठ नागरिकहरूको भरण-पोषण एवं कल्याण अधिनियम, २००७ लाई भारतको संसदले वर्ष २००७ मा कार्यरूपमा ल्याएको थियो। यो अधिनियम सिक्किम राज्यमा फरवरी १, २०१२ मा अधिसूचना संख्या ०१/एसजेई एवं डब्ल्यूडी, ३ मई, २०१२ देखि अस्तित्वमा आएको हो।

**१. वरिष्ठ नागरिक को हो?**

➢ यस अधिनियम अनुसार वरिष्ठ नागरिक भारतको संविधान अनुसार ६० वर्षको उमेर पुगेको भारतीय नागरिक हो।

**२. माता-पिता को हुन्?**

➢ माता-पिता जीव वैज्ञानिक, दत्तक र सौतेनी आमाह्नबाबुको कुनै भेदभावबिना अथवा वरिष्ठ नागरिक भए अथवा नभए पनि जनक हुन्।

**३. भरण-पोषणमा के-के समावेश हुन्छ?**

➢ भरण-पोषणमा खाना, कपड़ा-लत्ता, वास, चिकित्सा तथा दवाई-पानीको प्रावधान रहेको हुन्छ।

**४. नानीहरू को हुन्?**

➢ नानीहरूमा छोरा, छोरी, नाती-नातिनी समावेश हुन्छन् तर यसमा नाबालिक समावेश हुँदैनन्।

**५. भरण-पोषणका अधिकारी को हुन् त?**

➢ आफ्नो कमाईबाट वा आफ्नो सम्पत्तिबाट स्वयंको भरण-पोषण गर्न असमर्थ वरिष्ठ नागरिक लगायत माता-पिताले भरण-पोषणका निम्ति आवेदन गर्न सक्नेछन्।

**६. भरण-पोषणका निम्ति कसको विरूद्धमा आवेदन गरिन्छ?**

➢ यस्ता भरण-पोषण आवेदन निम्न मामिलामा गर्न सकिन्छ-

क) माता-पिता वा बाजे-बज्यूले आफ्नो एक वा त्यसभन्दा धेरै नानीहरू (नाबालिक होइन) को विरूद्धमा;

ख) सन्तानविहीन वरिष्ठ नागरिकले आफ्नो कुनै बालिग कानूनी उत्तराधिकारी वा आफन्त विरूद्ध वा जसको जायजाद छ वा जसले आफ्नो मृत्युपछि आफ्नो पुर्ख्यौली सम्पत्ति छोड़ेर जान्छ, उ विरूद्ध भरण पोषणको आवेदन गर्न सक्नेछ।

**७. भरण-पोषणका लागि कसले यस्तो आवेदन गर्नसक्छ?**

➢ भरण-पोषणका लागि निम्न व्यक्तिहरूले आवेदन गर्न सक्नेछन् -

क) कुनै पनि वरिष्ठ नागरिक वा माता-पिताले;

ख) यदि उनी असक्षण भएमा, उनीद्वारा प्राधिकृत कुनै अन्य व्यक्ति वा सङ्गठन अथवा

ग) न्यायाधिकरण स्वयंले संज्ञान लिनसक्छ।

**८. न्यायाधिकरण के हो?**

➢ यस ऐन अन्तर्गत न्यायाधिकरण भनेको भरण-पोषण न्यायाधिकरण हो जसको गठन प्रत्येक महकुमामा माता-पिता तथा वरिष्ठ नारिकहरूको भरण-पोषणको आवेदनमाथि सुनवाई गर्ने उद्देश्य लिएर गरिएको हुन्छ। न्यायाधिकरणको अध्यक्षता महकुमा अधिकारीको ओहोदाभन्दा मुनिको अधिकारीले गर्नेछैनन्।

➢ सिक्किम राज्यमा राज्य सरकारले प्रत्येक महकुमाका लागि मिति १८.१२.२०११ को अधिसूचना संख्या ३/एसजेई एवं डब्ल्यूडी अन्तर्गत गठन गरेको हो। यसमा निम्न सदस्यहरू सामेल छन् :

क) सम्बन्धित महकुमाका महकुमा अधिकारी/महकुमा न्यायाधीश अध्यक्ष,

ख) महकुमा स्तरीय पुलिस अधिकारी (एसडीपीओ) सदस्य,अनि

ग) सम्बन्धित जिल्ला न्यायाथीशद्वारा मनोनित गरिने एक गैर सरकारी सङ्गठनका प्रतिनिधि।

**९. न्यायाधिकरण सम्मुख माता-पिता वा वरिष्ठ नागरिकलाई कसले प्रतिनिधित्व गर्नेछ?**

➢ राज्य सरकारले जिल्ला सामाजिक कल्याण अधिकारीलाई भरण-पोषण अधिकारीको रूपमा नामित गर्नेछ, जसले यदि कुनै माता-पिता वा वरिष्ठ नागरिकले इच्छा गरेमा उनीहरूलाई प्रतिनिधित्व गर्नेछन्।

➢ सिक्किम राज्यमा, जिल्ला समाज कल्याण अधिकारीलाई मिति २७.०६.२०१२ मा जारी अधिसूचना संख्या ३/एसजेई एवं डब्ल्यूडी अनुसार भरण-पोषण अधिकारीको रूपमा नामित गरिएको छ।

**१०. यस्ता भरण-पोषण आवेदन कहाँ दर्ता गर्न सकिन्छ?**

➢ यस्ता आवेदन सम्बन्धित महकुमाको भरण-पोषण न्यायाधिकरण सम्मुख दर्ता गर्नुपर्नेछ, जहाँ -

क) माता-पिता वा वरिष्ठ नागरिक बसोबासो गर्दछन् वा गर्दथे, वा

ख) उनीहरूका छोरा-छोरी वा आफन्त बस्दछन्।

**११. न्यायाधिकरणबाट कस्तो आदेश प्राप्त गर्न सकिन्छ?**

➢ यदि छोरा-छोरी वा आफन्तहरू, यदि आवश्यकता परेमा, स्वयं भरण-पोषण गर्नमा असमर्थ भएको खण्डमा, वरिष्ठ नागरिक वा माता-पितालाई भरण-पोषण गर्न अस्वीकार गरेमा वा असमर्थता जाहेर गरेमा, न्यायाधिकरणले यस्ता छोरा-छोरी वा आफन्तलाई मासिक रूपमा एकमुष्ठ रकम निर्धारित गरेर उक्त रकमको भुक्तानी गर्नुपर्ने निर्देश जारी गर्न सक्नेछ।

➢ यस्ता न्यायाधिकरणद्वारा जारी गरिने भरण-पोषणको अधिकतम भत्ता राज्य सरकारद्वारा निर्धारित धनराशी अनुसार हुनुपर्नेछ जुन रकम दश हजार रुपियाँ प्रतिमहिना भन्दा अधिक हुनु हुँदैन।

**१२. भरण-पोषणको आदेश कसरी लागू गर्न सकिन्छ?**

➢ यस्ता आदेश जुन व्यक्तिको विरूद्ध जारी गरिन्छ त्यही स्थानको कुनै पनि न्यायाधिकरणले लागू गर्न सक्नेछ। यस्ता न्यायाधिकरणले दुवै पक्षको पहिचानपछि सन्तुष्ट भएमा वा भत्ता भुक्तानी नभएकोमा सन्तुष्ट भएमा वा भुक्तानीमा ढिल्याई भएकोमा यस्ता आदेश जारी गर्न सक्नेछ।

➢ यस ऐन अन्तर्गत बनाइएको भरण-पोषण आदेशलाई दण्ड प्रक्रिया संहिता (कोड अफ् क्रिमिनल प्रोसिड्यूर), १९७३ को अध्याय ६ अन्तर्गत (पत्नी, बाल-बच्चा र माता-पिताको भरण-पोषण आदेश) लागू गर्न सकिनेछ।

➢ यस संहितामा निर्धारित आदेश अनुसार नै यस्ता निर्देशलाई क्रियान्वयन गर्न सकिनेछ। उक्त संहिताको अनुच्छेद ४३१

अन्तर्गत भरण-पोषणलाई जरिमानाको रूपमा वसुल गर्न सकिनेछ।

**१३. भरण-पोषण राशिलाई जम्मा गर्ने समय अवधि के रहनेछ?**

यस्तो आदेश अनुसार कुनै पनि राशि भुक्तानी गर्नुपर्ने छोरा-छोरी वा आफन्तले न्यायाधिकरणबाट घोषित मितिको तीस दिनभित्रमा सम्पूर्ण धनराशि न्यायाधिकरणले निर्देश गरे अनुसार बुझाउनु पर्नेछ।

**१४. यदि कुनै वरिष्ठ नागरिक वा माता-पिता न्यायाधिकरणको आदेशदेखि सन्तुष्ट नभएमा, अपीलको कुनै प्रावधान छ?**

➢ कुनै वरिष्ठ नागरिक वा माता-पिता, न्यायाधिकरणको आदेशदेखि सन्तुष्ट नभएमा, उनीहरूले उक्त आदेशको तारिखको ६० दिनभित्रमा पुनर्विचार न्यायाधिकरणसित अपील गर्न सक्नेछन्।

**१५. अपील कहाँ गर्न सकिन्छ?**

➢ सिक्किममा, प्रत्येक जिल्लामा न्यायाधिकरणको आदेश विरूद्धको अपीलको सुनवाई गर्ने पुनर्विचार न्यायाधिकरणको गठन गरिएको छ। जिल्लापालको अध्यक्षतामा गठित पुनर्विचार न्यायाधिकरण अन्तर्गत पुलिस अधीक्षक, गैर सरकारी सङ्गठनका प्रतिनिधि तथा सामाजिक कल्याण विभागका सामाजिक कल्याण अधिकारी रहनेछन्।

**१६. यस प्रक्रियालाई अघि बढ़ाउन कुनै पक्षलाई कुनै वकीलले प्रतिनिधित्व गर्न सक्नेछन्?**

➢ व्यवस्थामा समावेश जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पनि पक्षलाई अघि बढ़ाउन कुनै एक न्यायाधिकरण वा पुनर्विचार न्यायाधिकरणमा कुनै कानूनी व्यवसायीले प्रतिनिधित्व गर्न पाउने छैनन्।

**१७. यस कानून अन्तर्गत वृद्धाश्रम स्थापनाको कुनै प्रावधान छ?**

➢ सम्बन्धित राज्य सरकारले आवश्यकता भएमा असल स्थानको चयन गरेर चरणबद्ध रूपमा वृद्धाश्रमको स्थापना एवं देखभाल गर्न सक्नेछ। यी वृद्धाश्रम प्रत्येक जिल्लामा कम्तिमा पनि एउटा हुनुपर्नेछ जसमा कमसेकम एक सय पचास वरिष्ठ नागरिक अँटाउन सकून्।

**१८. वरिष्ठ नागरिकहरूको चिकित्सकीय हेरचाहको कुनै प्रावधान छ?**

➢ यी सबै वरिष्ठ नागरिकहरूलाई पूर्णरूपमा अथवा आंशिकरूपमा सरकारद्वारा सञ्चालित अस्पतालहरूमा पलङ्ग उपलब्ध गराइनु पर्नेछ।

➢ वरिष्ठ नागरिकहरूका निम्ति अलग पंक्तिको व्यवस्थापन गर्नुपर्नेछ।

➢ वरिष्ठ नागरिकहरूको दीर्घकालीन, चरम र शिथिल बिमारीहरूको निम्ति उपचारलाई विस्तारित गरिनेछ।

➢ बुड़ेसकालका रोगहरूको हेरचाहको अनुभव भएको एक चिकित्सा अधिकारीको नेतृत्वमा प्रत्येक जिल्ला अस्पतालमा बुड़ेसकालको रोगहरू चिन्हित गर्ने सुविधा हुनुपर्नेछ।

**१९. वरिष्ठ नागरिकहरूको परित्यागको कुनै दण्ड छ?**

➢ जसले पनि वरिष्ठ नागरिकहरूको हेरचाह वा सुरक्षा गर्दैन, कुनै पनि स्थानमा यस्ता वरिष्ठ नागरिकहरूलाई पूर्णरूपमा परित्याग गर्ने विचार गरेमा, एक निर्दिष्ट अवधिको निम्ति जेलको सजाय हुनेछ जसलाई तीन महिनाको सजाय वा जरिमानाका रूपमा विस्तार गरिनेछ। यसमा पाँच हजार रुपियाँ वा जरिमाना दुवैको सजाय हुन सक्नेछ।

➢ यस कानून अन्तर्गत हरेक अपराध हस्तक्षेपयोग्य हुन्छ।


<u>सङ्कलन एवं प्रकाशन:</u>

<u>सिक्किम राज्य कानूनी सेवा प्राधिकरणद्वारा जनहितमा जारी।</u>



<u>अधिक जानकारीका निम्ति:</u>

**सिक्किम राज्य कानूनी सेवा प्राधिकरण,**
**गान्तोक, पूर्व सिक्किम आउनुहोस्।**

☎ ०३५९२ २८४७५३/२०७७५३

✉ sikkim_slsa@live.com

Website : www.sikkimslsa.nic.in